# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः ०९ अगस्त २०२५**

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- देश भरी साथै दार्जीलिङग पहाड़का विभिन्न भागहरुमा आज राखी पर्व हर्षोल्लासको साथमा मनाइएको छ।

- राज्यको राजधानी कोलकातामा आज भएको नवान्न अभियानको अवधि पुलिस अनि प्रदर्शनकारीहरु बीच झड़प भएको छ।

- पश्चिम बंगालमा वोटर लिस्ट को स्पेशल इंटेंसिव रिवीजन (एसआईआर) को तारीखलाई लिएर हाल सम्म चुनाव आयोगको तर्फबाट कुनै स्पष्ट दिशानिर्देश जारी गरिएको छैन।

- खरसाङमा अखिल भारतीय नेवार संगठन खरसाङ आञ्चलिक समितिको आयोजनामा नेवार जातिको पर्व क्वाँटी पूर्णिमा विभिन्न सांस्कृतिक कार्यक्रमहरुका साथमा आज पालन गरएको छ।

- मौसम विभागले उत्तर बंगालको दार्जीलिंग, कालेबुङ्ग जिल्लाहरुमा आगामी धैरै दिन सम्म लगातार भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ।

**<u>राष्ट्रपति-रक्षाबंधन</u>**

देश भरी आज रक्षाबन्धनको त्यौहार मनाइयो। रक्षाबंधनको अवसरमा राष्ट्रपति द्रौपदी मुर्मुले भारत अनि विदेशमा बस्ने सबै नागरिकहरुलाई शुभकामना दिनुभएको छ। राष्ट्रपतिले भन्नुभयो यस पवित्र त्योहारले समाजमा सद्भाव अनि एकतालाई बढ़ावा दिंदछ। यो त्यौहार भाई-बहिनी बीच प्रेम अनि विश्वासको अनौठो बंधनको प्रतीक रहेको राष्ट्रपतिले बताउनुभयो। उहाँले भन्नुभयो कि यो अवसर भारतको समृद्ध सांस्कृतिक विरासत अनि नैतिक मूल्यलाई संरक्षित गर्ने एक अवसर पनि हो अनि यसले महिलाहरुका अधिकारको रक्षा अनि उनीहरुका सम्मान को संकल्पलाई सशक्त बनाउँदछ। प्रधानमंत्री नरेंद्र मोदीले पनि रक्षाबंधनको अवसरमा देशवासीलाई शुभकामना दिनुभएको छ।

**<u>रक्षा बन्धन-ममता</u>**

भाई बहिनीको पवित्र त्यौहार रक्षाबंधनको अवसरमा राज्यको मुख्यमंत्री ममता बनर्जीले पनि मानिसहरुलाई शुभकामना दिनुभएको छ। मुख्यमंत्रीले यस पवित्र पर्वमा बंगालको संस्कृति, परंपरा अनि प्राकृतिक संपदाको स्मरण गर्नु हुँदै श्बंगाल को माटोए बंगालको पानीए बंगांलको हावाए बंगालको फल —पुण्य रहोस् भनी कामना पनि गर्नुभयो। ममता बनर्जीले राखी केवल भाई-बहिनीको सम्बन्धको त्यौहार नरहेर आपसी विश्वासए प्रेम अनि एकताको प्रतीक रहेको बताउनुभयो। उहाँले यस पर्वले समाजमा सौहार्द अनि भाईचारालाई अझ सशक्त बनाउने विश्वास व्यक्त पनि गर्नुभयो।

**<u>राखी-बीएसएफ</u>**

सीमा सुरक्षा बल (बीएसएफ) परिसर कदमतला मा पनि आज रक्षाबंधनको त्यौहार धैरै उत्साह अनि देशभक्ति को भावनाको साथमा मनाइयो। यस कार्यक्रममा सुरक्षाए विश्वास अनि सद्भावको शाश्वत बंधनलाई झल्काइयो, जुन चाहिँ भारतको सांस्कृतिक विरासत अनि राष्ट्र सुरक्षाको लागि बीएसएफको समर्पणलाई प्रर्दशित गरियो। यस पावन अवसरमा बीएसएफ उत्तर बंगाल का महानिरीक्षक मुकेश त्यागीले सबै जवान अनि उनीहरुका परिवारलाई हार्दिक शुभकामना दिइयो। यस विशेष अवसरमा

शैक्षणिक संस्थान अनि विभिन्न समाजसेवी संगठनका छात्रा अनि महिलाहरुले बीएसएफ जवानहरुको हाथमा राखी बांधीदिए। सीमाको रक्षाको लागि आफ्नो परीवारहरुसित टाड़ा बस्ने जवानहरुले यस भावपूर्ण कार्यको लागि गहिरो आभार व्यक्त पनि गरेका छन्।

**नवान्न अभियान-लाठीचार्ज**

विगत वर्ष ९ अगस्त मा राज्य का आर.जी. कर मेडिकल कॉलेज एवं अस्पताल परिसर मा भएको महिला जूनियर डॉक्टरसित दुष्कर्म अनि हत्याको घटना भएको एक वर्ष पछि पनि न्यायको लड़ाई पुरा हुन सकेको छैन। दुष्कर्मको पहिलो बरसीमा एक पटक फेरि सड़कहरुमा प्रदर्शनए रैली अनि न्याय को मांग तिव्र भएको छ। राज्यको राजधानी कोलकातामा आज भएको नवान्न अभियानको अवधि पुलिस अनि प्रदर्शनकारीहरु बीच झड़प भए पछि भागदौड़ भएको खबर प्राप्त भएको छ। आरजी कर मेडिकल कॉलेज कांडका पीड़िताको आमा पनि आंदोलनमा शामेल थिएए जसले पुलिसकर्मीहरुले उनीमाथि पनि लाठीचार्ज गरेको दावी गरेका छन्। हाल पीड़िताको आमालाई अस्पतालमा भर्ती गरिएको बताइएको छ। आज बिहानदेखि नै पुलिसले नवान्न जाने बाटोहरुमा बैरिकेड लगाएर नाकाबंदी गरेको थियो। भाजपा विधायक अनि विपक्ष का नेता शुभेंदु अधिकारीले पुलिस लाठीचार्ज मा सैकड़ौं मानिस घाइते भएको अनि धेरैलाई अस्पतालमा भर्ती गरिएको बताएका छन्। नवान्न अभियानलाई रोक्नको लागि पुलिसले बाटोहरु बंद गरेको कारण यात्रीहरुलाई धेरै कठिनाई भएको पनि बताइएको छ। शुभेंदु अधिकारीले आंदोलन शांतिपूर्ण रहेको अनि सरकारले मानिसहरुको आवाज दबाउने कोशिश गरिरहेको आरोप पनि लगाउनुभएको छ।

**बंगाल- एसआईआर**

पश्चिम बंगालमा वोटर लिस्ट को स्पेशल इंटेंसिव रिवीजन (एसआईआर) को तारीखलाई लिएर हाल सम्म चुनाव आयोगको तर्फबाट कुनै स्पष्ट दिशानिर्देश जारी गरिएको छैन। यद्धपी सूत्र अनुसार एसआईआर लागू भएमा राज्य का मुख्य चुनाव अधिकारी (सीईओ) कार्यालयले यसको पूर्ण तैयारी हुने सूचना आयोगलाई दिइसकेको छ। हिज शुक्रवार यस संबंधमा खबरहरु अघि आए पछि राज्य सरकारले सीईओ मनोज अग्रवाललाई पत्र पठाएर स्थिति स्पष्ट गर्ने आग्रह गरेको छ। राज्य की गृह सचिव नंदिनी चक्रवर्तीले आफ्नो पत्र मा एसआईआर को तैयारीसित संबंधित खबर कति सटीक रहेको कारण यस बारे सीईओ कार्यालयबाट राज्य सरकारलाई कुनै आधिकारिक जानकारी प्राप्त नभएको बताउनुभएको छ। यस विषयमा कुनै भ्रम को स्थिति उत्पन्न नहुने नदिने आग्रह पनि राज्य सरकारले आफ्नो पत्र मार्फ गरेको छ। उल्लेखनीय छ तृणमूल कांग्रेसले अघि बाटै एसआईआर को नाम मा बंगाल को एक पनि वैध मतदाताको नाम सूची बाट हटाइने छैन भनी बताएको छ। यसै बीच मुख्य चुनाव अधिकारी मनोज अग्रवालले चुनाव आयोगले अघि बाटै राज्यहरुलाई पत्र लेखेर एसआईआर को तैयारी शुरू गर्ने निर्देश दिएको बताउनुभएकोछ।

**खरसाङ्ग-क्वाँटी पूर्णिमा**

खरसाङमा अखिल भारतीय नेवार संगठन खरसाङ आञ्चलिक समितिको आयोजनामा नेवार जातिको पर्व क्वाँटी पूर्णिमा विभिन्न सांस्कृतिक कार्यक्रमहरुका साथमा आज पालन गरएको छ। खरसाङको भीमेश्वर मन्दिर परिसरमा अखिल भारतीय नेवार संगठन खरसाङ आञ्चलिक समितिको नेवार समुदायको महत्वपूर्ण पर्व क्वाँटी पूर्णिमा पालन विषयमा चर्चा परिचर्चा गरिएको छ। गत वर्षहरु झैं यसपाली पनि नेवार समुदायको महत्वपूर्ण चाढ़ क्वाँटी पूर्णिमा खरसाङमा लाखे नृत्यसाथै विभिन्न सांस्कृतिक झाँकीहरुका साथमा रैली निकालिएर पालन गरिएको छ। खरसाङको भीमेश्वर मन्दिर परिसरमा विभिन्न सांस्कृतिक झाँकीहरुका साथमा रैली निकालेर धर्मशाला हुँदै मोटर स्ट्याण्ड र हिल कार्ट भएर खरसाङको पार्क लोकेशनस्थित गोर्खा सार्वजनिक भवनमा पुगेर विभिन्न सांस्कृतिक कार्यक्रमहरुको साथमा क्वाँटी पूर्णिमा कार्यक्रम आयोजना गरिएको छ। अखिल भारतीय नेवार संगठन खरसाङ आञ्चलिक समितिको सभापति एंव शिक्षक प्रकाश प्रधानको अध्यक्षता र भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा केन्द्रीय समितिको महासचिव अमर लामाको प्रमुख आतिथ्यमा सम्पन्न यस कार्यक्रममा नेवार समुदायको महत्वपूर्ण पर्व क्वाँटी पूर्णिमा विषयमा चर्चा परिचर्चा गरिनुको साथै नेवार समुदायका विभिन्न व्यक्तिहरुलाई सम्मान जनाएको छ।

**दार्जीलिङ-स्वतन्त्रता दिवस**

दार्जीलिङ पहाड़की रानीलाई स्वच्छ र सुन्दर साथै फोहोरमुक्त बनाउन आज दार्जीलिङ प्रेस गिल्डमा भारत र दक्षिण एशियासंग आबद्ध शिक्षा संघ -एचएस स्कूल ग्रीन क्याम्पसद्वारा आउँदो स्वतन्त्रता दिवसलाई केन्द्र गर्दै यसबारे चालिएको पहलमाथि एक प्रेस भेला सम्पन्न गरियो। यस प्रेस भेलामा विभिन्न स्कूल पक्ष साथै
अन्य मानिसहरुको उपस्थितिरहेको थियो।

**खरसाङ- सर सफाई**

खरसाङ नगरपालिका अन्तर्गत वार्ड नम्बर दुई टेकवीर बस्तीको समाज "प्रगति गाउँ प्रगति संघले आफ्नो वार्षिक सर सफाई कार्यक्रमलाई निरन्तरता दिन्दै आउँदो ७६ औं स्वतन्त्रता दिवस अनि आज राखी पर्वको उपलक्ष्यमा सम्पूर्ण गाउँ वरिपरिको क्षेत्रलाई सर सफाई गरियो। सम्पन्न सफाई कार्यक्रममा समाजको प्रत्येक घरका प्रायः सदस्यहरू उपस्थित रहेका थिए। यस सर सफाई कार्यक्रममा गाउँभित्रको नाला झोडा सफा गरिएको छ। बाटो नजिक उम्रेका झार जंगल फाड्ने अनि उखेल्ने कार्य गरियो। गाउँभित्रका बाटो घाटो बर्खाको पानीको कारणले गर्दा चिप्लो भएर जनसाधारणलाई धैरै असुविधा भई रहेको कारण सम्पूर्ण गाउँभित्रको बाटो मा ब्लिचिङ पाउडर छर्कने कार्य गरिएको छ। यसको साथै समाजको पक्षबाट सम्पूर्ण गाउँवासीलाई आफ्नो परिवेश स्वच्छ अनि सफा राख्ने अपिल गरिएको छ।

**मिरिक-क्याँफे दी कविता**

मिरिकमा पहाडका कविहरूलाई लिएर आज क्याँफे दी कविता आयोजना गरिएको छ। मिरिकको एभरेष्ट क्याँफेको आयोजनामा सम्पन्न भएको कार्यक्रममा दार्जीलिङए खरसाङए सुकना ए बिजनबारीए मिरिकए पशुपति लगायत मिरिकका स्थानीय कविहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा भारतीय नेपाली साहित्यका दिवंगत साहित्यकार उर्मिला घिसिङको आत्मा शान्तिको कामना गर्दै एक मिनटको मौन पालन गरियो। त्यसपछि विभिन्न कविहरूले कविता अनि गजल वाचन गरेका थिए। मिरिकमा आयोजित क्याँफे दि कविता कार्यक्रममा कवि राजा पुनियानीले वर्तमान कविताको कुरा साथै जेनेरेशन जेनेक्स विषयमा वक्तव्य राखेका थिए।

**मौसम-बंगाल**

मौसम विभागले राज्यको धैरै भागहरुमा आगामी १३ अगस्त सम्म भारी वर्षा हुने चेतावनी जारी गरेको छ। कोलकाता स्थित अलीपुर क्षेत्रीय मौसम केंद्र अनुसारए उत्तर बंगालको दार्जीलिंगए कालेबुङ्गए जलपाईगड़ीए अलीपुरद्वार अनि कूचबिहार जिल्लाहरुमा आगामी धैरै दिन सम्म लगातार भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ। आज अनि आगामी १२ अगस्तको लागि दार्जीलिंगए जलपाईगड़ीए कालेबुङ्ग अनि अलीपुरद्वारमा ऑरेंज अलर्ट जारी गरिएको छ साथै आगमी१३ अगस्तको लागि जलपाईगड़ी अनि अलीपुरद्वारमा पनि ऑरेंज अलर्ट जारी गरिएको छ।

****** ० ******

****** ० ******